# महान्यायाधिवक्ताको कार्यालय
नेपाल
(......योजना अनुगमन......शाखा)

रामशाहपथ काठमाडौं


पत्र संख्या :-

चलानी नं. :- ८२०५

मिति :२०७३/१०/२७.....

विषयः- परिपत्र ।

श्री उच्च सरकारी वकील कार्यालयहरु सबै र जिल्ला सरकारी वकील कार्यालयहरु सबै

प्रस्तुत विषयमा सबै उच्च सरकारी वकील कार्यालय र जिल्ला सरकारी वकील कार्यालयहरुले देहाय बमोजिम गर्नु गराउनु हुन निर्देशानुसार अनरोध गर्दछु ।

1. उच्च तथा जिल्ला स्तरको समन्वय समितिको बैठक २०७३ फाल्गुनको पहिलो साता भित्र राखी नेपालका सरकारी वकीलहरुको पहिलो राष्ट्रिय सम्मेलनबाट पारित घोषणापत्र, २०७३ र नेपालका अनुसन्धानकर्ता प्रहरी र अभियोजनकर्ता सरकारी वकीलहरुको प्रथम राष्ट्रिय सम्मेलन पारित घोषणापत्र २०७३ को बारेमा जानकारी गराई उक्त घोषणापत्रमा समेटिएका आफ्नो कार्यक्षेत्रका विषयहरु कार्यान्वयनमा ल्याउने र सो वैठक निर्णयको प्रतिलिपि यस कार्यालयमा पठाउने ।
2. सरोकारवालाहरु सँग अन्तरक्रिया गर्नका लागि बजेट प्राप्त गरेका सबै सरकारी वकील कार्यालयहरुले २०७३ फाल्गुन १० गते भित्र उल्लिखित दुवै घोषणापत्र समेतको सरोकारवालाहरुलाई जानकारी गराई सरकारी वकीलको कार्य सम्पादनका सान्दर्भिक विषयका छलफल गरी सो को प्रतिवेदन महान्यायाधिवक्ताको कार्यालयमा पठाउने ।
3. सबै सरकारी वकील कार्यालयहरुले रणनीतिक योजना कार्यान्वयनका लागि तयार गरेको आफ्नो कार्यालयको वार्षिक कार्यान्वयन योजनाको कार्यान्वयनको प्रगति समीक्षा सहितका विवरण तयार गरी २०७३ फाल्गुन १० गते भित्र महान्यायाधिवक्ताको कार्यालय एवं सम्बन्धित उच्च सरकारी वकील कार्यालयमा पठाउने ।
4. यस वर्ष पीडित मैत्री कक्षको व्यवस्थाको लागि रु.१ लाख ७० हजार पठाइएका देहायका सरकारी वकील कार्यालयले माघ मसान्त भित्र आवश्यक सामग्री खरिद गरी सो को बिल भरपाई र जिन्सीमा आम्दानी बाँधिएको विवरण सहित राखी महान्यायाधिवक्ताको कार्यालय र सम्वन्धित उच्च सरकारी वकील कार्यालयलाई पठाउने । पीडित मैत्री कक्षको व्यवस्थापनका सम्बन्धमा उच्च सरकारी वकील कार्यालयले अनुगमन गर्ने / सो कक्ष प्रयोग गर्ने पीडितहरुको अभिलेख राख्ने व्यवस्था गर्ने ।

| | | | | | |
|---|---|---|---|---|---|
| १. संखुवासभा | २. सिन्धुली | ३. रामेछाप | ४. जाजरकोट | ५. मुस्ताङ | ६. सुनसरी |
| ७. गुल्मी | ८. काठमाडौं | ९. रसुवा | १०. तेह्रथुम | ११. सल्यान | १२. धादिङ |
| १३. मनाङ | १४. लमजुङ्ग | | | | |

..................

(टेकनाथ अधिकारी)

शाखा अधिकृत


☎: ४-२६२३९४, ४-२६२६९५, ४-२४०२१०, ४-२१२०४७, फ्याक्स :- ४-२६२५८२, ४-२१८०५१

एक्सचेन्ज :- ४-२१८०९७, ४-२१८०१९, ४-२६२४९४, ४-२६२५०६